नि.प्र.का. सप्तरी द.नं. २९/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

राजविराज दैनिक

वर्ष ३६ अंक १०७ २०८३ साल मंसिर ८ गते मंगलबार (24 Nov 2026 Tuesday) मूल्य रु. ५/-

बालविवाह र बालश्रम विरुद्ध सजगता

कानुनी उमेर :
नेपालमा विवाह गर्ने कानुनी उमेर २० वर्ष हो ।

उमेर नपुगी विवाह :
शारीरिक र मानसिक स्वास्थ्यमा गम्भीर असर ।

बालश्रम निषेध :
१४ वर्ष मुनिका बालबालिकालाई काममा लगाउनु कानुनी अपराध हो ।

शिक्षाको निरन्तरता :
हरेक बालबालिकालाई विद्यालय पठाउनु अभिभावकको दायित्व हो ।

Log in : *rajbirajdainik.com.np*

यस अंक भित्र : २ पृष्ठमा : रेलमार्गले जोडिँदै राम-सीताको. ३ पृष्ठमा : दक्षिण एसियामा वैवाहिक ... ३ पृष्ठमा : अमेरिकी तल्लो सदनमा ...

जसपा नेता यादवद्वारा पार्टी परित्याग

दैनिक समाचारदाता
राजविराज, ७ मंसिर ।

जनता समाजवादी पार्टी सप्तरी जिल्लाका पूर्ववरिष्ठ उपाधयक्ष लक्ष्मण यादवले पार्टीको सम्पूर्ण जिम्मेवारी तथा साधारण सदस्यतासमेतबाट राजीनामा दिएका छन् ।

यादवद्वारा सोमबार पार्टीका जिल्ला अध्यक्षलाई सम्बोधन गरि जारि गरेको प्रेस विज्ञप्तिमा सो कुरा उल्लेख गर्दै राजीनामा दिएका हुन् ।

राजविराज नगरपालिका वडा नं. १२ निवासी उनी २०७४ सालमा सम्पन्न प्रदेश सभा निर्वाचनमा सप्तरीको क्षेत्र नं. २ को ख बाट स्वतन्त्र रुपमा निर्वाचन लडेका थिए । उनले ३ हजार १ सय ८ मत ल्याएका थिए । त्यस्तै २०७९ सालमा पनि सोही क्षेत्रबाट जसपा एमाले गठबन्धबाट प्रदेश सभा निर्वाचन लडेका थिए । उनले ५ हजार ६ सय २१ मत प्राप्त गरेका थिए ।

उनले पार्टीबाट राजीनामा दिँदै विज्ञप्तिमा "मधेशको पहिचान, स्वाभिमान र सम्मानको संरक्षण गर्दै राष्ट्रिय एकता, सार्वभौमिकता, अखण्डता, लोकतान्त्रिक मूल्य-मान्यता र समृद्ध नेपालको



निर्माणमा सबै नेपालीको समान सहभागिता सुनिश्चित हुनु आजको आवश्यकता हो ।" उल्लेख गरेका छन् ।

सोही विज्ञप्तिमा उनले "पछिल्लो राजनीतिक घटनाक्रम, विशेषगरी मधेश आन्दोलनको मूल भावना, जनताको अपेक्षा र राजनीतिक परिवर्तनका ऐतिहासिक उद्देश्यसँग मेल नखाने गतिविधिहरूले मलाई गम्भीर रूपमा चिन्तित बनाएको छ । करिब छ महिनाअघि सात दलीय गठबन्धनका नाममा भएका राजनीतिक गतिविधिप्रति आफ्नो वैचारिक असहमति राख्दै पार्टीभित्रैबाट रचनात्मक तथा लोकतान्त्रिक पहल गर्दै आएको भए तापनि मेरा विचार, असहमति र राजनीतिक सरोकारले अपेक्षित स्थान पाउन सकेनन् ।" उल्लेख गरेका छन् ।

पछिल्लो समय पार्टीभित्र देखिएको व्यक्ति केन्द्रित राजनीतिक प्रवृत्ति, सीमित नेतृत्वको स्वार्थ, आन्तरिक लोकतन्त्रको कमजोर अभ्यास तथा विचार र सिद्धान्तभन्दा सत्ता समीकरणलाई प्राथमिकता दिने संस्कृतिप्रति मेरो गम्भीर असहमति रहेको जनाउँदै विज्ञप्तिमा उनले भनेका छन् "राजनीतिक दल कुनै व्यक्ति विशेषको राजनीतिक अस्तित्व संरक्षण गर्ने माध्यम नभई जनताको आशा, विश्वास, त्याग र बलिदानबाट स्थापित साझा संस्था हुनुपर्छ ।"

अन्त्यमा उनले मधेशको स्वाभिमान, नेपालको समृद्धि र राजविराजको उज्ज्वल भविष्यका लागि प्रतिबद्धता सदैव कायम रहने जनाएका छन् ।

प्रधानमन्त्री शाह र भारतीय प्रधानमन्त्री मोदीद्वारा संयुक्त रूपमा जनकपुरधाम-अयोध्या रेलवे सेवा उद्घाटन

नयाँ दिल्ली (भारत), ७ मंसिर (रासस) ।

प्रधानमन्त्री बालेन्द्र शाह र भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले जनकपुरधाम-अयोध्याबीच सञ्चालन हुने रेल सेवाको संयुक्त रूपमा उद्घाटन गर्नुभएको छ ।

भारतको राजकीय भ्रमणमा रहनुभएका प्रधानमन्त्री शाह र भारतीय प्रधानमन्त्री मोदीले सोमबार भर्चुअल माध्यमबाट झण्डा फहराएर रेल सेवाको उद्घाटन गर्नुभएको हो ।

अयोध्याबाट जनकपुरधामसम्मको करिब ६०४ किलोमिटर दूरी रेलमार्फत करिब १९ घण्टामा पूरा हुनेछ । उत्तर प्रदेश र बिहारका विभिन्न सहर हुँदै सञ्चालन हुने यो रेल सेवाले धार्मिक पर्यटन प्रवर्द्धन गर्नुका साथै दुई देशबीचको सीमापार आवागमन सहज बनाउने अपेक्षा गरिएको छ ।



'जनकपुरधामहस्–अयोध्या क्यान्ट एक्सप्रेस' नाम दिइएको रेल भारतको बिहारस्थित जयनगर रेल्वे स्टेसन हुँदै नेपाल प्रवेश गर्नेछ । रेलले जनकपुरधाम, जयनगर, मधुबनी, सिशो, सीतामढी, रक्सौल, नरकटियागञ्ज, गोरखपुर, बस्ती, मनकापुर, अयोध्या धाम र अयोध्या क्यान्ट स्टेसनमा यात्रु चढाउने तथा ओराल्नेछ ।

रेल सेवा सातामा एक दिन दुवैतर्फ सञ्चालन हुनेछ । जनकपुरधामबाट अयोध्या क्यान्टसम्म जाने रेलको नम्बर १५५९५ र अयोध्या क्यान्टबाट जनकपुरधाम आउने रेलको नम्बर १५५९६ निर्धारण गरिएको छ ।

जनकपुरधामबाट अयोध्या जाने रेल शनिबार दिउँसो १:१०

बाँकी अन्तिम पृष्ठमा

मोवाइलमा आउने आपतकालीन सन्देशबाट नआत्तिन आग्रह

दैनिक समाचारदाता
राजविराज, ७ मंसिर ।

सरकारले सोमबार काठमाडौं उपत्यकाका मोवाइल प्रयोगकर्ताहरूमाझ 'सेल ब्रोडकाष्ट प्रणाली'को परीक्षण गर्ने भएको छ ।

त्यसक्रममा कतिपय मोबाइल प्रयोगकर्ताहरूको सेटमा आपतकालीन सतर्कता सन्देश जारी हुन्छ । सूचना तथा सञ्चार मन्त्रालय र गृह मन्त्रालयले संयुक्त सूचना जारी गरेर मोवाइलमा आउने आपतकालीन सन्देशबाट नआत्तिन आग्रह गरेको छ ।

'सूचना तथा सञ्चार मन्त्रालय र गृह मन्त्रालयले नेपालमै विकसित सेल ब्रोडकाष्ट प्रविधिको परीक्षण गरिरहेका छन्,' दुवै मन्त्रालयले जारी गरेको सन्देशमा भनिएको छ, 'परीक्षण सन्देश प्राप्त भएमा नआत्तिनुहोस् । कुनै कदम चाल्नु पर्दैन ।'

नेपाल दुरसञ्चार प्राधिकरणका अध्यक्ष अर्जुन घिमिरेले सेल ब्रोडकाष्ट सिस्टमको परीक्षण भइरहेको बताए । 'हामीले बलम्बुस्थित नेपाल टेलिकमको अर्थ स्टेसनबाट परीक्षण गरिरहेका छौं,' घिमिरेले भने, 'अहिले सीमित उपभोक्ताकोमा मात्रै यस्तो सन्देश प्रवाह हुनसक्छ । तर यो परीक्षणका लागि भएकाले कसैलाई पनि नआत्तिनु भनेका छौं ।'

गत १० भदौको भोटेकोशी बाढीपछि दुई टेलिकम कम्पनीहरू नेपाल टेलिकम र एन्सेलले प्रभावित क्षेत्रमा रहेका मोबाइल प्रयोगकर्ताहरूको सेटमा बाढीको सतर्कता सम्बन्धी म्यासेज प्रवाह गरेका थिए ।

मोबाइल सेटमा आउने म्यासेज प्रभावकारी नभएको र कतिपयले समयमा म्यासेज हेर्न नपाएको भनी म्यासेज प्रणालीको प्रभावकारीतामाथि प्रश्न उठेको थियो । त्यसको विकल्पको रुपमा सरकारले सेल ब्रोडकाष्टको परीक्षण गरिरहेको हो ।

इन्टरनेशनल टेलिकम्यूनिकेस युनियन (

बाँकी तीन पृष्ठमा

शिक्षामा पहुँच सुनिश्चित गरौं



- शिक्षाबाट वञ्चित हुने अवस्थाको अन्त्य गरौं,
- विद्यार्थीमा सिर्जनशील क्षमताको विकास गरौं,
- विद्यार्थी मैत्री वातावरण निर्माण गरौं,
- विद्यार्थीमा अनुशासन, नैतिकता, सहिष्णुता र सामाजिक उत्तरदायित्वको भावना विकास गरौं,
- शिक्षालाई जीवनोपयोगी बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

सम्पादकीय

मातृभाषामा पठनपाठन गर्न गराउन स्थानीय तह गम्भिर हुनु आवश्यक

मातृभाषामा शिक्षा दिनु भनेको अन्य भाषालाई कमजोर बनाउनु होइन । बरु मातृभाषासँगै नेपाली, अंग्रेजी तथा अन्य भाषाको ज्ञान पनि दिनुपर्छ । यसले बालबालिकालाई आफ्नो भाषा, संस्कृति र पहिचानप्रति गर्व गर्न सिकाउनुका साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्षम बनाउँछ । नेपालमा एक भाषा नीति अनुरुप अन्य मातृभाषाहरुले अगाडि बढ्ने मौका दिइएको देखिन्न् । आफ्नै मातृभाषा सबैलाई प्यारो हुन्छ । हरेक वर्ष २१ फरवरीका दिन अन्तर्राष्ट्रिय मातृभाषा दिवस मनाइए पनि औपचारिकताका बाहेक केही हुन सकेको देखिदैन । कम्तिमा मातृभाषामै पठनपाठन गराइए विद्यार्थीले थोरै भएपनि आफ्नो मातृभाषाप्रति ज्ञान पाउनेछन् । तर, त्यो गरिएको देखिदैन् । कतिपय मातृभाषाका पाठ्य सामाग्रीहरु तयार भइसके पनि त्यसको व्यवहारमा प्रयोग हुन सकेको छैन ।

हुन सरकारले प्रत्येक स्थानीय तहलाई आफ्नो मातृभाषमा पठनपाठन गराउन नियम नै लागु गरिसकेको छ । यसका लागि स्थानीय तहले पनि आफ्नो क्षेत्रको भाषिक अवस्थालाई ध्यानमा राखेर मातृभाषामा शिक्षाको कार्यक्रम अघि बढाउन आवश्यक छ । मातृभाषा केवल बोलचालको माध्यम मात्र होइन, यो हाम्रो पहिचान, संस्कृति र सभ्यताको आधार हो । बालबालिकालाई आफ्नै भाषामा सिक्ने अवसर प्रदान गर्नु राज्यको दायित्व हो । मातृभाषाको संरक्षण र प्रवर्द्धनसँगै गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्न मातृभाषामा पठनपाठनलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न अब ढिलाइ गर्नु हुँदैन ।

तसर्थ हरेक स्थानीय तहले आफ्नो आफ्नै मातृभाषामा कम्तीमा प्राथमिक तहको पठनपाठन गर्न गराउन गम्भिर भई कडा रुपमा प्रस्तुत हुनु आवश्यक छ । मातृभाषाहरुमा पठनपाठनलाई तीब्रता दिदै ती मातृभाषाहरुको संरक्षण, सम्वर्द्धन गर्न अहिलको आवश्यकता रहेको छ ।

सप्तरीका रमणीय ठाउहरुबारे तपाईंलाई थाहा छ ?

सप्तरी जिल्ला पर्यटकीय गन्तव्यका लागि आकर्षक छ । तर, यसबारे धेरैलाई जानकारी छैन् । धार्मिक पर्यटकदेखि रमणीयस्थलहरु छन् ।

धार्मिक पर्यटनमा मुलुककै प्रसिद्ध एवं चर्चित छिन्नमस्ता मन्दिर यहीं जिल्लामा छन् । छिन्नमस्ता गाउँपालिकामा अविस्थत यो मन्दिरमा पूजापाठ गर्न टाढा टाढाबाट व्यक्तिहरु आउने गर्छन् । मन्दिर अगाडि रहेको पोखरी, पिकनिक स्पोर्ट, धर्मशाला समेत यहाँ रहेको छ ।

कंकालिनी मन्दिर : हनुमाननगर कंकालिनी नगरपालिका वडा नम्बर १ भारदहस्थित यो मन्दिर पनि मुलुककै चर्चित देवी मन्दिर हो ।

शम्भुनाथ मन्दिर : यो शम्भुनाथ नगरपालिकाभित्र छ । मन्दिरकै नामबाट पालिकाको नामांकरण समेत गरिएको छ । यहाँ बिक्रम सम्वत्को नयाँ साल अर्थात् बैशाख १ गतेदेखि एक महिनासम्म ठूलो मेला लाग्ने गर्दछ । साउन महिनामा श्रद्धालुको ठूलो घुइँचो यहाँ लाग्ने गर्दछ ।

हनुमान मन्दिर : हनुमानगर कंकालिनी नगरपालिकाको हनुमाननगर बजारमा पुरानो हनुमान मन्दिर छ । कालो हनुमान मन्दिर पुग्दा जोकोहि पनि मोहित हुन्छन् । जिल्लामा अन्य धेरै देवी देवताका मन्दिरहरु छन् ।

कोशी टप्पु : कोशी टप्पु वन्यजन्तु आरक्ष पनि यहीं जिल्लामा छन् । कंचनरुप नगरपालिकास्थित आरक्षमा गैंडासहित बिभिन्न वन्यजन्तुहरुको अवलोकन गर्न सकिन्छ ।

धारापानी क्षेत्र : चुरको कोखमा रहेको यो धारापानी क्षेत्र कंचनरुप नगरपालिकामा रहेको छ । यो ठाउँ पिकनिक मनाउनका लागि राम्रो स्थल मानिन्छ ।

लोहजारा दह : तिरहुत गाउँपालिकामा रहेको छ यो दह । यो ठाउँ पिकनिक मनाउनका लागि प्रसिद्ध मानिएको छ यो ठाउँ । यी ठाउँहरुको अवलोकन गरौं र मनलाई प्रसन्न बनाऔं ।

जनहीतका लागि : राजविराज दैनिक

रेलमार्गले जोडिँदै राम-सीताको पवित्र सम्बन्धका दुई धाम

जनकपुरधाम, ७ मंसिर (रासस) ।

जनकपुरधाम र अयोध्यालाई रेलमार्गले जोड्ने योजनाले राम-सीताको पवित्र सम्बन्धसँग गाँसिएको नेपाल-भारतको धार्मिक र सांस्कृतिक सेतुलाई भौतिक रूपमै थप मजबुत बनाउने विश्वास व्यक्त गरिएको छ ।

यसले दुई देशका नागरिकबीचको आत्मीयता र जनस्तरको सम्बन्ध विस्तारमा नयाँ आयाम थप्ने, आर्थिक उन्नयन हुने भन्दै यस क्षेत्रका राजनीतिक दल र सरोकारवालाले खुसी व्यक्त गरेका छन् । जनकपुरधाम माता सीताको जन्मभूमि हो भने अयोध्या भगवान् रामको ।

रामायणसँग जोडिएका दुई ऐतिहासिक धार्मिक नगरीबीच रेल सेवा सञ्चालन हुन लागेको विषयलाई धार्मिक पर्यटन प्रवर्द्धनका साथै दुई देशबीचको सम्बन्ध विस्तारका दृष्टिले महत्वपूर्ण रूपमा हेरिएको छ ।

प्रधानमन्त्री वालेन्द्र शाहको भारत भ्रमणका क्रममा सोमबार नेपाल र भारतका प्रधानमन्त्रीले संयुक्त रूपमा उक्त रेल सेवाको शुभारम्भ गर्ने कार्यक्रम तय भएको छ ।

भारतीय प्रेस इन्फर्मेसन ब्यूरो (पिआइबी) ले जारी गरेको सूचनाअनुसार भारतीय रेल्वेले जनकपुरधाम र भारतको उत्तर प्रदेशस्थित अयोध्याबीच नयाँ साप्ताहिक रेल सेवा सञ्चालनका लागि स्वीकृति प्रदान गरेको हो ।

करिब ६०४ किलोमिटर दूरी तय गर्ने उक्त रेल सेवाले विहार र उत्तर प्रदेशका विभिन्न प्रमुख सहर हुँदै जनकपुरधामलाई अयोध्यासँग जोड्नेछ । नेपाल रेल्वे कम्पनीका प्रबन्ध सञ्चालक परिवेश पराजुलीका अनुसार सुरुवाती चरणमा उक्त रेल सेवा सातामा एकपटक सञ्चालन हुनेछ ।

निर्धारित समयतालिकाअनुसार रेल नम्बर १५५९५ प्रत्येक शनिबार दिउँसो १:१० बजे जनकपुरधामबाट प्रस्थान गरी आइतबार बिहान ८:१० बजे अयोध्याको क्यान्ट पुग्नेछ ।

त्यसैगरी, रेल नम्बर १५५९६ प्रत्येक सोमबार साँझ ५:५० बजे अयोध्या क्यान्टबाट प्रस्थान गरी मङ्गलबार दिउँसो १२:४० बजे जनकपुरधाम आइपुग्ने प्रबन्धक पराजुलीले बताउनुभयो ।

उक्त रेलको जयनगर, मधुबनी, सीतामढी, रक्सौल, नरकटियागञ्ज, गोरखपुर, बस्ती, मनकापुर र अयोध्या धाममा व्यावसायिक बिसौनी रहनेछन् । ती स्थानबाट यात्रु चढ्न तथा ओर्लन सक्ने व्यवस्था गरिएको छ ।

उत्तर रेल्वे, लखनउ, मण्डल रेल प्रबन्धक कार्यालयद्वारा जारी निमन्त्रणा अनुसार अयोध्या रेल्वे स्टेसनमा विशेष कार्यक्रम आयोजना गरी 'नयाँ वन्दे भारत एक्सप्रेस' रेललाई सोमबार दिउँसो हरियो झन्डा देखाएर सेवा शुभारम्भ गर्ने कार्यक्रम छ ।

जनकपुरधाम र अयोध्या दुवै रामायणसँग सम्बन्धित धार्मिक आस्थाका महत्वपूर्ण केन्द्र हुन् । जनकपुरधामलाई माता सीताको जन्मभूमि र अयोध्यालाई भगवान् रामको जन्मभूमिका रूपमा मानिँदै आएको छ । यी दुई सहरबीच प्रत्यक्ष रेल सम्पर्क स्थापित हुँदा धार्मिक पर्यटक तथा श्रद्धालुको आवागमन सहज हुने र रामायण सर्किटको अवधारणालाई थप प्रभावकारी बनाउन सहयोग पुग्ने विश्वास गरिएको छ ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) धनुषाका नेता तथा जनकपुरधाम उद्योग वाणिज्य सङ्घका पूर्वउपाध्यक्ष अम्बुप्रसाद साहले जनकपुरधामलाई धार्मिक तथा सांस्कृतिक पर्यटनको केन्द्रका रूपमा विकास गर्न रेल सेवा कोसेढुङ्गा साबित हुने बताउनुभयो ।

उहाँले रेल सेवा सञ्चालनले धार्मिक पर्यटनसँगै नेपाल-भारतबीच जनस्तरको सम्बन्ध विस्तारमा सहयोग पुग्ने उल्लेख गर्दै मधेस प्रदेशको कृषि, उद्योग, व्यापार तथा पर्यटन क्षेत्रको विकासमा पनि सकारात्मक प्रभाव पार्ने विश्वास व्यक्त गर्नुभयो ।

भारतका विभिन्न स्थानबाट अयोध्या आउने तीर्थयात्रीलाई जनकपुरधामसम्म ल्याउन र नेपालबाट अयोध्या जाने श्रद्धालुलाई सहज आवागमनको व्यवस्था गर्न रेल सेवाले महत्वपूर्ण भूमिका खेल्ने उहाँको भनाइ छ ।

नेपाली कांग्रेस धनुषाका सभापति योगेन्द्र पजियारले जनकपुरधाम-अयोध्या रेल सेवाले दुवै देशका धार्मिक पर्यटकीय गन्तव्यमा पर्यटक आवागमन बढाउने बताउनुभयो । उहाँले जनकपुरधामस्थित जानकी मन्दिर, राम मन्दिर, धनुषाधाम, विवाहमण्डप तथा मिथिलाको मौलिक कला, संस्कृति र सम्पदालाई अन्तरराष्ट्रिय पर्यटन बजारसँग जोड्न रेल सेवाले सहयोग पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो ।

धार्मिक पर्यटकको आगमन बढेपछि स्थानीय होटल व्यवसायी, यातायात व्यवसायी, पर्यटक पथप्रदर्शक तथा हस्तकला क्षेत्रमा आबद्ध व्यवसायीले प्रत्यक्ष लाभ लिन सक्ने उहाँको भनाइ छ । त्यसका लागि पर्यटकमैत्री पूर्वाधार, सरसफाइ, आवास, सुरक्षा, सूचना तथा यातायात व्यवस्थापनमा सुधार गर्नुपर्ने उहाँले बताउनुभयो ।

जनता समाजवादी पार्टी धनुषाका अध्यक्ष पशुपति यादवले जनकपुरधाम-अयोध्या रेल सेवा सञ्चालनको खबरले खुसी लागेको बताउनुभयो । लामो समयदेखि पहल हुँदै आए पनि सञ्चालन हुन नसकेको रेल सेवा अहिले कार्यान्वयनको चरणमा पुग्नु सकारात्मक भएको उहाँको भनाइ छ ।

उहाँले रेल सेवालाई नियमित र प्रभावकारी बनाउन दुवै देशका सरकारबीच आवश्यक नीतिगत निर्णय, प्रशासनिक समन्वय तथा पूर्वाधार व्यवस्थापन हुनुपर्नेमा जोड दिनुभयो । यसलाई राष्ट्रिय हित, धार्मिक पर्यटन र आर्थिक विकाससँग जोडिएको साझा परियोजनाका रूपमा अघि बढाउनुपर्ने उहाँले बताउनुभयो ।

त्यसैगरी, नेपाली कम्युनिष्ट पार्टी (नेकपा) धनुषाका संयोजक दीपक यादवले रामायणसँग सम्बन्धित धार्मिक तथा सांस्कृतिक स्थललाई एकीकृत पर्यटन मार्गका रूपमा विकास गर्ने अवधारणाअन्तर्गत जनकपुरधाम र अयोध्यालाई रेलमार्गबाट जोड्ने पहल महत्वपूर्ण रहेको बताउनुभयो ।

उहाँका अनुसार सीताको जन्मभूमि जनकपुरधाम र रामको जन्मभूमि अयोध्याबीच प्रत्यक्ष सम्पर्क स्थापित हुँदा धार्मिक पर्यटनको नयाँ सम्भावना खुल्नेछ । हाल भारतको जयनगरदेखि नेपालको जनकपुरधाम हुँदै महोत्तरीको बिजलपुरासम्म नियमित रेल सेवा सञ्चालन हुँदै आएको छ । यही रेल सञ्जालालाई आधार बनाएर जनकपुरधाम-अयोध्या विशेष रेल सेवा सञ्चालन गर्न लागिएको हो ।

रेल सेवा सञ्चालनसँगै मधेस प्रदेशको पर्यटन विकास, स्थानीय रोजगारी सिर्जना, व्यापारिक गतिविधि विस्तार तथा दुई देशबीचको सामाजिक र सांस्कृतिक सम्बन्ध थप मजबुत हुने अपेक्षा गरिएको छ ।

भारत भ्रमणका क्रममा नेपाल-भारतबीच आठ विषयमा समझदारी

कमलकुमार बस्नेत

नयाँदिल्ली, ७ मंसिर (रासस) ।

भारतको राजकीय भ्रमणमा रहनुभएका प्रधानमन्त्री वालेन्द्र शाहको भ्रमणका क्रममा नेपाल र भारतबीच विभिन्न आठ विषयमा सहकार्य गर्ने समझदारीपत्रमा हस्ताक्षर भएको छ ।

प्रधानमन्त्री शाह र भारतका प्रधानमन्त्री नरेन्द्र मोदीबीच सोमबार सम्पन्न उच्चस्तरीय द्विपक्षीय वार्तापछि आयोजित संयुक्त पत्रकार सम्मेलनका क्रममा ती समझदारी सार्वजनिक गरिएको हो ।

समझदारीमा शैक्षिक तथा अनुसन्धान, सुरक्षा, निजामती कर्मचारीको क्षमता अभिवृद्धि, आयुर्वेद तथा परम्परागत चिकित्सा, भूउपग्रह सञ्चार



सञ्जाल, दिगो सहरी विकास, स्वास्थ्य तथा चिकित्सा र पशुपालन तथा मत्स्यपालनका क्षेत्रमा सहकार्य गर्ने विषय समेटिएका छन् ।

परराष्ट्र मन्त्रालयका अनुसार यस्ता छन् भारत-नेपालबीच भएका समझदारीहरू

१. भारतको गुजरात राज्यको गान्धीनगरस्थित राष्ट्रिय विधिविज्ञान विश्वविद्यालय र नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोबीच शैक्षिक तथा अनुसन्धान सहकार्यसम्बन्धी समझदारी ।

२. भारतको राष्ट्रिय रक्षा विश्वविद्यालय र नेपालको राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानबीच समझदारी ।

३. भारत सरकारको प्रशासनिक सुधार तथा सार्वजनिक गुनासो विभागअन्तर्गतको सुशासनसम्बन्धी राष्ट्रिय केन्द्र र नेपाल सरकारको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयअन्तर्गतको नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानबीच नेपाली निजामती कर्मचारीको क्षमता अभिवृद्धि तालिम कार्यक्रमसम्बन्धी समझदारी ।

४. आयुर्वेद तथा अन्य परम्परागत चिकित्सा पद्धतिको क्षेत्रमा सहकार्यासम्बन्धी नेपाल सरकार र भारत सरकारबीच समझदारी ।

बाँकी अन्तिम पृष्ठमा

दक्षिण एसियामा वैवाहिक बलात्कारको कानुनी अपवाद हटाउन आग्रह

काठमाडौँ, ७ मंसिर (रासस)।

दक्षिण एसियामा वैवाहिक बलात्कारसम्बन्धी कानुन, सजायमा रहेको असमानता र पीडितले न्याय प्राप्तिमा भोग्नुपर्ने चुनौतीबारे सार्वजनिक क्षेत्रीय प्रतिवेदनले सरकारलाई वैवाहिक बलात्कारसम्बन्धी कानुनी अपवाद हटाउन आग्रह गरेको छ।

साउथ एसियन मूभमेन्ट फर एक्सेसिङ जस्टिस (समाज) ले सार्वजनिक गरेको प्रतिवेदनमा नेपालसहित दक्षिण एसियाका आठ देशमा वैवाहिक बलात्कारसम्बन्धी कानुनी व्यवस्था, यसको ऐतिहासिक विकास र पीडितमा पर्ने प्रभावबारे विश्लेषण गरिएको छ।

प्रतिवेदनअनुसार नेपालमा वैवाहिक बलात्कारको अधिकतम सजाय पाँच वर्ष छ। भुटानमा पनि वैवाहिक बलात्कारमा अन्य बलात्कारभन्दा कम सजायको व्यवस्था छ। भारत, बङ्गलादेश र श्रीलङ्कामा अधिकांश अवस्थामा पतिहरू वैवाहिक बलात्कारको आरोपबाट कानुनी छुट पाउँछन्।

प्रतिवेदनले वैवाहिक बलात्कारलाई अन्य बलात्कारसरह गम्भीर अपराधका रूपमा मान्यता दिनुपर्ने, समान सजायको व्यवस्था गर्नुपर्ने र स्वतन्त्र तथा स्वेच्छिक सहमतिमा आधारित कानुनी परिभाषा अपनाउनुपर्ने सुझाव दिएको छ।

यो प्रतिवेदन साउथ एसियन मूभमेन्ट फर एक्सेसिङ जस्टिस (समाज) ले प्रकाशित गरेको हो। दक्षिण एसियाभरको गठबन्धनको सचिवालय 'इक्वालिटी नाउ' रहेको छ। महिला, कानुन र विकास मञ्च, विमेन फर ह्युमन राइट्स तथा फेमिनिस्ट दलित अर्गनाइजेसन नेपाल साझेदार संस्था हुन्।

भारत र बङ्गलादेशका अदालतमा वैवाहिक बलात्कारसम्बन्धी कानुनी अपवादविरुद्धका चुनौती विचाराधीन रहेका बेला लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान सुरु हुने क्रममा प्रतिवेदन सार्वजनिक गरिएको हो। इक्वालिटी नाउकी दक्षिण एसियाली क्षेत्रीय प्रतिनिधि तथा काठमाडौँ निवासी रञ्जिता सिलवालले वैवाहिक बलात्कारसम्बन्धी अपवाद हटाउनुपर्ने बताउनुभयो।

"वैवाहिक बलात्कार अपवाद हटाइयोस् र विवाहभित्र भएको बलात्कारलाई विवाहबाहिरको बलात्कारसरहकै व्यवहार गरियोस्, समान सजाय र स्वतन्त्र रूपमा दिइएको सहमतिमा आधारित परिभाषासहित", उहाँले भन्नुभयो।

ध्वैवाहिक बलात्कारसम्बन्धी कानुनी अपवादको विकास

वैवाहिक बलात्कारसम्बन्धी अपवादले पतिलाई आफ्नी पत्नीमाथि बलात्कारको आरोपबाट कानुनी छुट दिने व्यवस्था जनाउँछ। प्रतिवेदनअनुसार यसको ऐतिहासिक आधार सन् १७३६ मा सर म्याथ्यु हेलले प्रस्तुत गरेको विवाहपछि पत्नीले यौन सहमति फिर्ता लिन नसक्ने अवधारणासँग जोडिएको छ। दक्षिण एसियाका धेरै देशले औपनिवेशिक कालका कानुनी संहिताबाट यस अवधारणाका विभिन्न स्वरूप ग्रहण गरेका थिए।

नेपालमा सन् २००२ मा सर्वोच्च अदालतले सम्बन्धको प्रकृतिसँग असम्बन्धित रूपमा सहमतिबिनाको यौनसम्पर्क बलात्कार हुने ठहर गरेको थियो। सन् २००६ मा संसद्ले वैवाहिक बलात्कारको सजाय तीनदेखि छ महिनासम्म तोकेको थियो। अन्य बलात्कारका लागि लामो सजायको व्यवस्था रहेको अवस्थामा उक्त सजाय निकै कम थियो।

सन् २००७ मा सर्वोच्च अदालतले वैवाहिक बलात्कार र अन्य बलात्कारको सजायबीचको अन्तरलाई भेदभावपूर्ण र असंवैधानिक ठहर गरेको थियो। तर, सन् २०१७ को मुलुकी अपराध संहिता ऐनले वैवाहिक बलात्कारमा अधिकतम पाँच वर्ष सजाय तोके पनि न्यूनतम सजाय निर्धारण गरेन। अन्य बलात्कारमा भने ६ देखि २० वर्षसम्म सजायको व्यवस्था छ।

पाकिस्तानले सन् २००६ मा वैवाहिक बलात्कारसम्बन्धी अपवाद हटाए पनि विवाहभित्र बलात्कारसम्बन्धी कानुन लागू हुने पुष्टि गर्ने उच्च अदालतको प्रकाशित फैसला नभएको प्रतिवेदनमा उल्लेख छ। माल्दिभ्सले सन् २०२१ मा कानुन संशोधन गरेको थियो। अक्टोबर २०२० मा उच्च अदालतले जियादा नाइमको मुद्दामा एक पतिलाई कसुरदार ठहर गरेपछि कानुनी सुधार भएको प्रतिवेदनमा उल्लेख छ। तर, दण्ड संहिताको दफा १३० (ख) ले अन्यथा प्रमाणित नभएसम्म पति पत्नीबीच सहमति रहेको मान्ने व्यवस्था अझै कायम रहेको जनाइएको छ।

भारतमा भारतीय न्याय संहिता, २०२३ को दफा ६३ ले पत्नी १८ वर्ष वा सोभन्दा बढी उमेरकी भएमा पतिलाई बलात्कारको आरोपबाट छुट दिने व्यवस्था गरेको छ। सरकारले उक्त अपवाद हटाउने प्रस्तावको विरोध गर्दै यसले विवाहलाई अस्थिर बनाउन सक्ने र अत्यन्त कठोर हुने तर्क गरेको प्रतिवेदनमा उल्लेख छ।

प्रतिवेदनले वैवाहिक बलात्कारमा कम सजायको व्यवस्थाले अपराधलाई कम गम्भीर रूपमा लिइएको सन्देश दिने र पीडितको न्यायमा पहुँच कमजोर बनाउने उल्लेख गरेको छ। नेपालमा न्यूनतम सजाय नतोकिएकाले कसुरदार छोटो समयमै छुट्न सक्ने अवस्था रहेको भन्दै आलोचना हुँदै आएको छ। पीडितहरूले सजाय भोगेर फर्किएका पतिले पुनः दुर्व्यवहार सुरु गरेको अनुभवसमेत सुनाएका छन्।

सन् २००७ मा सर्वोच्च अदालतले तीन वर्षभन्दा कम सजाय हुने कसुरमा धरौटीमा छुट्न सकिने व्यवस्थाले कसुरदार घर फर्कने सम्भावना खुला रहने विषय उल्लेख गरेको थियो।

भुटानमा वैवाहिक बलात्कारलाई सानो अपराध मानिन्छ, जसमा एक महिनादेखि एक वर्षसम्म सजाय हुन्छ। जबकि अन्य व्यक्तिबाट विवाहित महिलामाथि हुने बलात्कारमा पाँचदेखि नौ वर्षसम्म सजायको व्यवस्था छ। वैवाहिक बलात्कारका मुद्दालाई मध्यस्थतामार्फत् समाधान गर्ने अभ्यासले पीडितलाई मेलमिलापका लागि दबाबमा पार्न सक्ने प्रतिवेदनले औंल्याएको छ।

वैवाहिक बलात्कारलाई अपराध मानिसकेपछि त्यसमा कम सजाय तोक्नुपर्ने कुनै सैद्धान्तिक आधार नरहेको सिलवालले बताउनुभयो। "कुनै देशले वैवाहिक बलात्कारलाई अपराध मानिसकेपछि त्यसलाई कम सजाय गर्नुपर्ने कुनै सिद्धान्तगत कारण छैन। सजाय अपराध कति गम्भीर हो भन्ने कानुनको घोषणा हो, र समान संरक्षणका लागि समान मान्यता आवश्यक हुन्छ", उहाँले भन्नुभयो।

सरकारलाई कानुनी सुधारको आग्रह

प्रतिवेदनले दक्षिण एसियाली सरकारहरूलाई वैवाहिक बलात्कारसम्बन्धी कानुनी अपवाद हटाउन, अन्य बलात्कारसरह अपराधको गम्भीरताअनुसार सजाय निर्धारण गर्न तथा स्वतन्त्र र स्वेच्छिक सहमतिको अभावलाई बलात्कारको आधार बनाउन सिफारिस गरेको छ।

यसका साथै प्रहरी, सरकारी वकिल र न्यायाधीशलाई लैङ्गिक हिंसा तथा वैवाहिक बलात्कारसम्बन्धी तालिम दिन, पीडितका लागि कानुनी सहायता र आवश्यक सहयोग उपलब्ध गराउन पनि आग्रह गरिएको छ।

नेपालका लागि प्रतिवेदनले औंल्याएको सुधारको मुख्य विषय सन् २००७ मा सर्वोच्च अदालतले भेदभावपूर्ण ठहर गरेको वैवाहिक बलात्कार र अन्य बलात्कारबीचको सजायसम्बन्धी अन्तर हटाउनु हो।

नेपाल र भारतका प्रधानमन्त्रीद्वारा झापाको चारआलीमा पेट्रोलियम भण्डारण केन्द्रको शिलान्यास

काठमाडौँ, ७ मंसिर (रासस)।

प्रधानमन्त्री वालेन्द्र शाह र भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले संयुक्त रूपमा झापाको चारआलीमा निर्माणाधीन पेट्रोलियम पदार्थको भण्डारण केन्द्रको शिलान्यास गर्नुभएको छ।

दुवै देशका प्रधानमन्त्रीले सोमबार दिल्लीमा आयोजित संयुक्त पत्रकार सम्मेलनमार्फत झापाको चारआलीमा निर्माणाधीन पेट्रोलियम पदार्थको भण्डारण केन्द्रको शिलान्यास गर्नुभएको हो।

भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले सिलिगुडी-चारआली पेट्रोलियम पाइपलाइन र भण्डारण केन्द्रको शिलान्यासले दुवै देशबीचको आपूर्ति साझेदारी थप सुदृढ बनाउने बताउनुभयो। नेपाल आयल निगमका प्रबन्ध निर्देशक नागेन्द्र साहले दुवै मुलुकका प्रधानमन्त्रीले सोमबार झापाको चारआलीमा निर्माणाधीन पेट्रोलियम पदार्थको भण्डारणको शिलान्यासले नेपालको पूर्वी क्षेत्रमा पेट्रोलियम पदार्थको आयातमा सहज हुने बताउनुभयो।

सोही परियोजनाअन्तर्गत भारतको सिलिगुडीदेखि झापासम्म ५० किलोमिटर पेट्रोलियम पदार्थको पाइपलाइन निर्माण गर्ने योजना रहेको छ। भारत सरकारले पेट्रोलियम पाइपलाइन र भण्डारकेन्द्र दुवै अनुदानमा निर्माण गरिदिन लागेको हो। "अहिले पूर्वीनेपालमा ट्याङ्करमार्फत पेट्रोलियम पदार्थ ल्याउने काम भइरहेको छ," प्रबन्ध निर्देशक शाहले भन्नुभयो, "यो परियोजना सम्पन्न भएसँगै पाइपलाइनबाट पेट्रोलियम पदार्थ सहजै ल्याउन सकिनेछ।"

भारत सरकारको अनुदानमा नै पाइपलाइन र भण्डारकेन्द्र निर्माण हुन गइरहेको प्रबन्ध निर्देशक साहले बताउनुभयो। "अहिले झापामा पेट्रोलियम पदार्थको भण्डारण केन्द्रको टर्मिनलको शिलान्यास भएको हो। पाइपलाइन निर्माणको लागि पनि आवश्यक साइट क्लियरेन्स लगायतका काम भइरहेका छन्", उहाँले भन्नुभयो।

प्रबन्ध निर्देशक साहका अनुसार पेट्रोलियम भण्डारण केन्द्रको लागत करिब छ अर्ब र पेट्रोलियम पाइलाइनको निर्माणका लागि करिब रु पाँच अर्ब लाग्ने बताउनुभयो। झापामा निर्माणाधीन उक्त भण्डारण गृहको कूल क्षमता १८ हजार ९०० किलोलिटर रहेको छ। यहाँ डिजेल, पेट्रोल र मट्टीतेल लगायतको पेट्रोलियम पदार्थ भण्डारण गर्न सकिन्छ। दुवै मुलुकका प्रधानमन्त्रीले सोमबारै मोतिहारी-अमलेखगञ्ज पाइपलाइपको दोस्रो चरणको परियोजनाको उद्घाटन गर्नुभयो।

मोवाइलमा आउने ...

आईटीयू)का अनुसार, सेल ब्रोडकाष्ट सिस्टमले कुनै निश्चित भौगोलिक क्षेत्रमा रहेका मोबाइल सेटहरूमा मोवाइल फोनमा आवाज सहितको सन्देश पठाउनेछ।

भूकम्प, बाढी, पहिरो लगायत प्रतिकुल मौसमी अवस्थाका बेला सरकारले यस्ता मोवाइल सेटमार्फत अलर्टको सूचना आउँछ। त्यसक्रममा मोवाइलको स्क्रिनमा अलर्ट सूचना आउनुका साथै आवाज सहित भाइब्रेसन समेत हुन्छ। अनलाइन खबरबाट

विश्व समाचार

अमेरिकी तल्लो सदनमा डेमोक्रेटको ऐतिहासिक जित

वासिङ्टन, ७ मङ्सिर (रासस/एएनआई)।

अमेरिकी प्रतिनिधिसभामा डेमोक्रेटिक पार्टीले २५८ सिट जित्दै सन् १९९२ यताकै ठूलो बहुमत हासिल गरेको छ। सन् २०१८ को मध्यावधि निर्वाचनमा प्राप्त ४० सिटको उपलब्धिलाई उछिन्दै यसपटक डेमोक्रेटले अहिलेसम्म ४४ सिट जितेका हुन्।

उत्तरी क्यारोलिनामा डेमोक्रेटिक उम्मेदवार चक हबार्डले रिपब्लिकन प्रतिनिधि भर्जिनिया फक्सलाई ३३० मतले पराजित गरेपछि पार्टीको सिट सङ्ख्या २५८ पुगेको हो।

सीबीएस न्युजका अनुसार ४३५ सदस्यीय प्रतिनिधिसभामा डेमोक्रेटले पाएको यो बहुमत पार्टीको अपेक्षाभन्दा बढी हो। अझै चार निर्वाचन क्षेत्रको परिणाम आउन बाँकी रहेकाले थप सिट जित्ने सम्भावना छ। रिपब्लिकनले भने कम्तीमा १७३ सिट पाउने निश्चित भएको छ।

सभामुख बन्ने तयारीमा रहनुभएका डेमोक्रेटिक नेता हकीम जेफ्रीजले यस शताब्दीमा अमेरिकी काङ्ग्रेसमा कुनै पनि पार्टीले हासिल गरेको यो सबैभन्दा ठूलो बहुमत भएको बताउनुभएको छ।

निर्वाचन परिणामले अमेरिकामा विभाजित सरकारको अवस्था सिर्जना गरेको छ। डेमोक्रेटले सिनेटमा नियन्त्रण कायम राखेका छन् भने रिपब्लिकन राष्ट्रपति डोनाल्ड ट्रम्प ह्वाइट हाउसमा हुनुहुन्छ। डेमोक्रेटले बढ्दो जीवनयापन खर्च सम्बोधन गर्ने १०० दिने कार्यसूची बनाउनुका साथै ट्रम्प प्रशासनमाथि व्यापक निगरानी गर्ने तयारी गरेको सीबीएस न्युजले जनाएको छ।

किएभ क्षेत्रमा रुसी आक्रमणमा १४ जनाको मृत्यु

डायमर, ७ मङ्सिर (रासस/एएफपी)।

युक्रेनको किएभ क्षेत्रमा रुसी हवाई आक्रमणमा कम्तीमा १४ जनाको मृत्यु भएको छ भने १५ जनाभन्दा बढी घाइते भएका छन्। आक्रमणबाट भत्किएको आवासीय भवनको भग्नावशेषमा पुरिएकाहरूको खोजीमा उद्धारकर्मीहरू खटिएका छन्।

किएभबाट करिब ४५ किलोमिटर उत्तरमा रहेको डायमरमा पाँचतले भवनको एक भाग भत्किँदा कम्तीमा १० जनाको मृत्यु भएको अधिकारी तिमुर ताकाचेन्कोले बताउनुभयो। भिश्नेभको सुपरमार्केटमा भएको आक्रमणमा तीन जनाको मृत्यु र तीन बालबालिकासहित १५ जना घाइते भएका छन्। बिला सेरक्वामा निजी घरमा भएको आक्रमणमा थप एक जनाको मृत्यु भएको छ।

युक्रेनको राज्य आपत्कालीन सेवाका अनुसार डायमरमा मृतकमध्ये एक किशोरी र चालीस वर्षकी महिला छन्। उद्धारकर्मीहरूले ७९ वर्षीया महिला र एक बालकसहित केही व्यक्तिलाई जीवितै उद्धार गरेका छन्। भग्नावशेषमा पुरिएका तथा सम्पर्कमा आउन नसकेका व्यक्तिको खोजी जारी छ।

यसैबीच, रुसले युक्रेनको ऊर्जा पूर्वाधारमाथि आक्रमण तीव्र पारेको छ। ड्निप्रोपेट्रोभस्क क्षेत्रको विद्युत् सबस्टेसनमा पनि आक्रमण भएको प्रधानमन्त्री सेर्गी कोरेत्स्कीले बताउनुभएको छ। जाडोयाम नजिकिँदै गर्दा ऊर्जा संरचनामाथिका आक्रमणले युक्रेनको अवस्था थप कठिन बनाएको छ। राष्ट्रपति भ्लादिमिर पुटिनले क्रिमिया पुलमा युक्रेनले गरेको आक्रमणको जवाफ 'अझ पीडादायी' हुने चेतावनी दिनुभएको थियो। युक्रेनले एक साताभित्र पुलमा तीन पटक आक्रमण गर्दा सवारी आवागमनको भाग क्षतिग्रस्त हुनुका साथै रेल सेवा अवरुद्ध भएको जनाइएको छ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र चिनियाँ राष्ट्रपति सी जिनपिङसँगको शिखर बैठकपछि पुटिनको चेतावनी आएको हो। उक्त बैठकमा युक्रेन र युरोपेली नेताहरूलाई सहभागी नगराई शक्तिशाली राष्ट्रहरूले युद्धबारे निर्णय गर्न सक्ने आशङ्का व्यक्त गरिएको थियो। बैठकलाई सन् १९४५ को याल्टा सम्मेलनसँग पनि तुलना गरिएको छ, जहाँ अमेरिका, बेलायत र सोभियत सङ्घका नेताहरूले दोस्रो विश्वयुद्धपछि युरोपको क्षेत्रीय सीमाबारे छलफल गरेका थिए।

खाद्य सुरक्षाका लागि स्थानीय उत्पादनमा जोड दिनुपर्छ : होगन

नयाँदिल्ली, ७ मङ्सिर (रासस/एएनआई)।

द्वन्द्व, आपूर्ति शृङ्खलामा अवरोध र कृषि सामग्रीको बढ्दो मूल्यले खाद्य सुरक्षामा चुनौती थपिरहेका बेला स्थानीय उत्पादन र कृषि क्षेत्रको उत्थानशीलता बलियो बनाउनुपर्ने संयुक्त राष्ट्रसङ्घीय खाद्य तथा कृषि सङ्गठन (एफएओ) का महानिर्देशक पदका उम्मेदवार फिल होगनले बताउनुभएको छ। एएनआईसँग कुरा गर्दै उहाँले हर्मुज जलघाँटी र कृष्ण सागर क्षेत्रका द्वन्द्वले मल तथा ऊर्जाको मूल्य बढाउँदा विश्वभरका किसान प्रभावित भएको बताउनुभयो। स्थानीय उत्पादन सुरक्षित भए विश्वव्यापी खाद्य सुरक्षा पनि बलियो हुने उहाँको भनाइ छ।

होगनले एफएओको मुख्यालयमा मात्र निर्णय केन्द्रित नगरी क्षेत्रीय तथा देशगत कार्यालयलाई सुदृढ बनाउनुपर्ने बताउनुभयो। किसानका आवश्यकता र स्थानीय उत्पादनलाई प्राथमिकता दिँदै कृषि कार्यक्रमका लागि पर्याप्त बजेट व्यवस्था गर्नुपर्ने उहाँको धारणा छ।

उहाँले खाद्य सुरक्षालाई विश्वव्यापी राजनीतिक तथा सुरक्षा छलफलको केन्द्रमा राख्न, जलवायु परिवर्तनसँग जुध्न तथा डिजिटल कृषि र कृत्रिम बौद्धिकता (एआई) को प्रयोग विस्तार गर्नुपर्नेमा जोड दिनुभयो। प्रविधिको लाभ साना किसानसम्म पुऱ्याउनुपर्ने र कृषि क्षेत्रबाट विशेषगरी अफ्रिका तथा भारतमा रोजगारी सिर्जना गर्नुपर्ने उहाँले बताउनुभयो।

भारतसँग डिजिटल कृषि, चक्रीय तथा जैविक अर्थतन्त्रमा पर्याप्त विशेषज्ञता रहेको उल्लेख गर्दै होगनले विकासशील देशको लाभका लागि दक्षिण-दक्षिण सहकार्य विस्तार गर्न नयाँदिल्लीसँग काम गर्ने इच्छा व्यक्त गर्नुभयो। महानिर्देशक पदको उम्मेदवारीका लागि समर्थन जुटाउन भारत पुग्नुभएका होगनले त्यहाँका कृषि तथा विदेश मामिला मन्त्रालयका अधिकारीसँग भेट गरी एफएओका कार्यक्रम र कार्यान्वयन प्रणाली सुधारबारे छलफल गरिरहनुभएको छ।

सरकारी हस्तक्षेप तत्काल बन्द गर्न माग

दैनिक समाचारदाता राजविराज, ७ मंसिर ।

नेपाल पत्रकार महासंघले प्रेस काउन्सिल अध्यादेश फिर्ता लिन र सञ्चारमाध्यममाथिको सरकारी हस्तक्षेप तत्काल बन्द गर्न माग गरेको छ ।

काभ्रेको धुलिखेलमा मंसिर ५ र ६ गते आयोजित सरोकारवालाहरूसँगको सम्मेलन तथा बैठकबाट पारित १६ बुँदे प्रस्ताव-२०८३ सार्वजनिक गर्दै महासंघले यस्तो माग गरेको हो ।

महासंघका महासचिव रामप्रसाद दाहालद्वारा सोमबार जारी विज्ञप्तिअनुसार प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, लोकतन्त्र, स्वतन्त्र न्यायपालिका, मानव अधिकार, विधिको शासन, सूचनाको संकुचन र प्रस्तावित सञ्चार कानुनका विषयमा गहन छलफल गरी प्रस्ताव पारित गरिएको छ ।

सम्मेलनले संविधान र प्रचलित कानुनद्वारा प्राप्त मौलिक हकको प्रयोग संकुचित र नियन्त्रित हुँदै गएको भन्दै संविधानको अक्षरशः पालना गर्न सरकारसँग माग गरेको छ । प्रस्तावित प्रेस काउन्सिल अध्यादेश फिर्ता लिई सरोकारवालाहरूसँगको बृहत् छलफल र सहमतिका आधारमा विधायिकी प्रक्रियाबाट मिडिया काउन्सिल विधेयक तथा आमसञ्चार विधेयकलगायतका कानुन निर्माण गर्न महासंघले जोड दिएको छ ।

यस्तै, प्रेस काउन्सिलमा नेपाल पत्रकार महासंघको प्रतिनिधित्व नहुने व्यवस्था गरिएमा काउन्सिलले जारी गरेको आचारसंहिता पालना गर्न महासंघ बाध्य नहुने र आफैँ आचारसंहिता जारी गरी अघि बढ्ने घोषणा गरिएको छ ।

विज्ञप्तिमा प्रेस काउन्सिल, पत्रकार तथा आमसञ्चारमाध्यममाथि भइरहेको गैरकानुनी सरकारी हस्तक्षेप र नियन्त्रण बन्द गर्न माग गरिएको छ । विश्वव्यापी मान्यताविपरीत पत्रकारलाई सूचनाको स्रोत खोल्न बाध्य पार्ने, प्रेस काउन्सिल र प्रहरी प्रशासनबाट केरकार तथा धम्की दिने कार्य तत्काल रोक्न सम्मेलनले आग्रह गरेको छ ।

सञ्चारमाध्यमको मुख्यद्वारमा सवारी अवरोध गर्ने र समाचार कक्षमै प्रहरी प्रवेश गरी स्रोत खोज्ने कार्यको घोर निन्दा गर्दै महासंघले उक्त घटनाको छानबिन गरी दोषीमाथि कारबाही गर्न माग गरेको छ । समाचार कक्षबाटै पत्रकार पक्राउ गर्ने तथा मोबाइल, ल्यापटप र क्यामेरा नियन्त्रणमा लिई तथ्यांक मेटाउन बाध्य पार्ने सरकारी रवैया अन्त्य गर्न पनि भनिएको छ ।

सरकारी स्वामित्वका गोरखापत्र, नेपाल टेलिभिजन, रेडियो नेपाल र राष्ट्रिय समाचार समिति (रासस) बाट बिनाकारण एकैपटक ठूलो संख्यामा हटाइएका सबै पत्रकारलाई तत्काल पुनर्बहाली गर्न महासंघले माग गरेको छ । यसैगरी, पत्रपत्रिकाले पाउँदै आएको लोककल्याणकारी विज्ञापन कटौती नगर्न, प्रदेशस्तरमा दर्ता भएका सञ्चारमाध्यमलाई प्रदेश संरचनाबाटै दर्ता तथा नवीकरणको सहज व्यवस्था मिलाउन र निःशुल्क सूचना प्रवाह गरिरहेका एफएम रेडियोहरूमाथि लगाइएको दोहोरो-तेहोरो कर प्रणाली अन्त्य गर्न सम्मेलनले ध्यानाकर्षण गराएको छ ।

लामो समयदेखि नेतृत्वविहीन रहेको राष्ट्रिय सूचना आयोगमा पदाधिकारी नियुक्त गरी सूचनाको हक कार्यान्वयनमा अवरोध नगर्न महासंघले सरकारको ध्यानाकर्षण गराएको छ । अदालतमाथिको राजनीतिक हस्तक्षेप अन्त्य गरी न्यायपालिकाको स्वतन्त्रता सुनिश्चित गर्न तथा बन्दी प्रत्यक्षीकरणलगायत मौलिक हकसम्बन्धी रिट निवेदन दर्ता गर्न अस्वीकार वा ढिलाइ गर्ने कार्य तत्काल रोक्न माग गरिएको छ ।

विभिन्न पेसाकर्मीहरूको भयमुक्त वातावरणमा पेसा सञ्चालन गर्न पाउने अधिकारको संरक्षण गर्न माग गर्दै महासंघले पारित सबै प्रस्तावहरूमा शान्ति र लोकतन्त्रका लागि पेसागत सञ्जाल (पापड) को समेत ऐक्यबद्धता रहेको जनाएको छ ।

भारत भ्रमणका ...

५. दक्षिण एसिया भूउपग्रहको उपयोगका लागि भूउपग्रह सञ्चार सञ्जाल स्थापना गर्ने विषयमा भारत सरकारको अन्तरिक्ष अनुसन्धान सङ्गठन र नेपाल सरकारको सूचना तथा सञ्चार मन्त्रालयबीच समझदारी ।

६. दिगो सहरी विकासको क्षेत्रमा प्राविधिक सहकार्यासम्बन्धी नेपाल सरकार र भारत सरकारबीच समझदारी ।

७. स्वास्थ्य तथा चिकित्साको क्षेत्रमा सहकार्यासम्बन्धी भारत सरकारको स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालय र नेपाल सरकारको स्वास्थ्य तथा खाद्य सुरक्षा मन्त्रालयबीच समझदारी ।

८. पशुपन्छी तथा मत्स्य विकासको क्षेत्रमा सहकार्यासम्बन्धी नेपाल सरकार र भारत सरकारबीच समझदारी ।

प्रधानमन्त्री शाह ...

बजे प्रस्थान गरी आइतबार बिहान अयोध्या क्यान्ट पुग्ने तालिका छ । त्यस्तै, अयोध्या क्यान्टबाट सोमबार साँझ ५:५० बजे प्रस्थान गर्ने रेल मंगलबार दिउँसो १२:४० बजे जनकपुरधाम पुग्नेछ । नेपालका रेल स्टेसनमा तोकिएका समय भारतीय समयभन्दा १५ मिनेट अगाडि हुने भएकाले यात्रुले स्थानीय समयअनुसार तालिका हेर्नुपर्नेछ ।

अयोध्या भगवान् रामको जन्मस्थल र जनकपुरधाम माता सीताको जन्मस्थलका रूपमा धार्मिक महत्त्व बोकेका स्थान हुन् । नयाँ रेल सेवाबाट धार्मिक पर्यटक, आफन्त भेटघाटका लागि यात्रा गर्ने व्यक्ति, विद्यार्थी र व्यवसायी लाभान्वित हुनुका साथै पर्यटन व्यवसायमा समेत टेवा पुग्ने अपेक्षा गरिएको छ ।

यसअघि भारतबाट रेलमार्फत जनकपुरधाम जाने यात्रुले बिहारको जयनगर पुगेर सीमासम्बन्धी प्रक्रिया पूरा गरेपछि नेपालतर्फको रेल परिवर्तन गर्नुपर्ने व्यवस्था थियो । नयाँ सेवाबाट आवश्यक सीमासम्बन्धी जाँच पूरा गरेपछि एउटै रेलमा यात्रा जारी राख्न सकिने सुविधा उपलब्ध हुने अपेक्षा गरिएको छ ।

बन्धक बनाइएका तीन नेपालीको उद्धार

ललितपुर, मंसिर ७ (रासस) ।

वैदेशिक रोजगारीको सुन्दर सपना देखाएर सर्बिया पठाउने प्रलोभनमा ४५ दिनदेखि दिल्लीको होटलमा बन्धक तीन नेपालीको उद्धार भएको छ ।

सगरमाथा आरोही कल्पना महर्जनका अनुसार सर्बिया पठाइदिने प्रलोभन देखाएर भारतको राजधानी नयाँ दिल्लीस्थित एक होटलको कोठामा बन्धक बनाएर राखिएका उनीहरूलाई सामाजिक संस्था किन इण्डियासहित सम्बन्धित निकायको संयुक्त पहलमा शनिबार सकुशल उद्धार गरिएको हो ।

आरोही महर्जनले भन्नुभयो, "घटनाबारे जानकारी प्राप्त भएपछि नेपाल प्रहरीको मानव बेचबिखन अनुसन्धान ब्यूरो, नेपाली राजदूतावास, नयाँदिल्ली, दिल्ली प्रहरी तथा किन इण्डिया संस्थाले तत्काल सक्रियता देखाएका थिए, सम्बन्धित निकायबीचको समन्वय र संयुक्त प्रयासपछि तीनै जना नेपाली नागरिकलाई बन्धक अवस्थाबाट सकुशल उद्धार गर्न सफल भयौँ ।"

सामाजिक संस्था किन इन्डियाका निर्देशक नवीन जोशीका अनुसार वैदेशिक रोजगारीका लागि सर्बिया पठाइदिने आश्वासन दिएर अवैध मानव ओसारपसार समूहले उनीहरूलाई दिल्ली पुर्याएको थियो । जोशीले घटनाबारे जानकारी प्राप्त भएपछि सम्बन्धित निकायसँग तत्काल समन्वय गरी उद्धारका लागि पहल गरिएको बताउनुभयो ।

उहाँका अनुसार, रोजगारीको प्रलोभनमा पारेर नेपाली नागरिकलाई शोषण तथा बेचबिखनको जोखिममा पार्ने यस्ता घटनाप्रति राज्यका निकाय थप सचेत र जिम्मेवार बन्न आवश्यक देखिएको छ । यस उद्धार अभियानमा मानव बेचबिखन अनुसन्धान ब्यूरो, नेपाली राजदूतावास, नयाँदिल्ली तथा दिल्ली प्रहरी र सामाजिक संस्था किन इण्डियाको सहकार्य रहेको जानकारी दिइएको छ ।

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमि प्रशासन कार्यालय राजविराज
सप्तरी

मिति :-२०८३/०८/०७

विषयः- ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना।

यसमा जिल्ला सप्तरी गा.वि.स. कल्याणपुर वार्ड नं. १ हाल खडक न.पा. वडा नं. ८ बस्ने गोविन्द चौधरीको नाति असर्फि चौधरी थारुको छोरा नेमो नारायण चौधरीको यस कार्यालयमा द.नं. १८३६९ मिति २०८०/१२/१९ गतेको माग निवेदन बमोजिम ऐ.ऐ. बस्ने छेदीको नातिनी बाधुको छोरी बुधनी थरुनीको नाममा दर्ता कायम रहेको तपसिल बमोजिमको जग्गा नामसारी गर्न माग निवेदन परी हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गर्न मिति २०८३/०८/०७ मा आदेश भए बमोजिम यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गरिएको छ । तपसिलमा उल्लेखित जग्गा निवेदकहरु बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा नामसारी गर्दा कसैको हक जानेछ वा अन्य कुनै व्यक्ति विशेष वा नेपाल सरकार, सार्वजनिक, सामुदायिक, डगर, बाटो, ऐलानी, प्रति, गोचर, समसानघाट, पार्क, हाट.मेला लाग्ने ठाँउ वा सरकारी जग्गा भए/नभएको सम्बन्धमा यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा सप्रमाण सहित यस कार्यालयमा आई उजुरी गर्नुहोला । म्यादभित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकको माग दावी बमोजिम नामसारी गर्ने तर्फ कानून बमोजिम कारवाही भै जानेछ । यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

तपसिलः-

जग्गाधनी	जिल्ला	गा.वि.स.	वडा नं.	कि.नं.	क्षेत्रफल	निवेदक	कैफियत
बुधनी थरुनी	सप्तरी	कल्याणपुर	१ख	२२	०-०-१४	नेमो नारायण चौधरी	बुधनी थरुनीको मिति २०३४ साल अगावै मृत्यु भई निजको धर्मपुत्र नेमो नारायण चौधरीको माग दावी रहेको।
		"	१ख	४३	०-१-४		
		"	१ख	१७७	०-०-१२		
		"	१ख	१९५	०-१-३		
			१ख	१९८	०-१-०		

IMPACT Nepal

आवश्यकता

अपाङ्गता रोकथाममा समर्पित गैर-सरकारी सामाजिक संस्था **इम्प्याक्ट नेपाल**का लागि करार सेवामा तपसिल बमोजिमका पदहरु पूर्ति गर्नुपर्ने भएकोले इच्छुक नेपाली नागरिकहरुबाट मिति **२०८३ मंसिर १६ गते सम्ममा** आइपुग्ने गरि दरखास्त आह्वान गरिएको छ ।

पद	काम गर्ने स्थान	संख्या	न्यूनतम योग्यता
प्राथमिक कान उपचार कार्यकर्ता	बारा/पर्सा/सप्तरी	५	CMA/HA

द्रष्टव्यः

१. दरखास्त बुझाउनु पर्ने स्थानः इम्प्याक्ट नेपाल रुँगटा वेलफेयर कान उपचार केन्द्र गण्डक बहुअरी वीरगंज (०५१-४११०५४) वा इम्प्याक्ट नेपाल प्राथमिक कान उपचार केन्द्र घुसुकपुर, कलैया (९८४५६००६००) वा इम्प्याक्ट नेपाल कान उपचार केन्द्र गौर (०५५-५२०७७३) वा इम्प्याक्ट नेपाल ठाकोदेवी जोगेन्द्र भगत कान उपचार केन्द्र मलेठ, राजविराज (०३१-५९०००५) वा ईमेलः vacancy.impactnepal@gmail.com मार्फत् पनि पठाउन सकिने छ ।
२. दरखास्तका साथ नागरिकता, शैक्षिक योग्यता, तालिम, अनुभव तथा प्रशंसापत्रको प्रमाण-पत्रका प्रतिलिपिहरु पेश गर्नु पर्नेछ ।
३. अनुभवी र स्थानीय उम्मेदवारलाई प्राथमिकता दिइनेछ ।
४. तलव भत्ता तथा अन्य सुविधा संस्थाको नियमानुसार हुनेछ ।

प्रकाशक/सहसम्पादक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
मुद्रण : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*